पोखरा महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

गण्डकी प्रदेश, कास्की ।

**शिक्षा महाशाखा**

website:pokharamun.gov.np
email: metroedupkr@gmail.com
फोन: ०६१-४५८०८२

पत्र संख्या:०७९/०८०
चलानी नं. २०४

मिति:२०७९/०७/१७

श्री सम्बन्धित सबै विद्यालयहरू,
पोखरा महानगरपालिका, कास्की ।

**विषय: कक्षा ११ र १२ को विद्यार्थी विवरण IEMIS अध्यावधिक सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव श्रोत विकास केन्द्रको शैक्षिक सूचना व्यवस्थापन शाखा सानोठिमी भक्तपूरको च.नं. १४ मिति २०७९/०७/१५ को कक्षा ११ र १२ र TCESमा अध्ययनरत विद्यार्थीको विवरण अध्यावधिक गराउने वारे यसैसाथ राखिएको सूचना अध्ययन गरी कक्षा ११ र १२ को विद्यार्थी अध्यावधिक गर्न बाँकी भएका विद्यालयहरूले २०७९ कार्तिक मसान्त भित्र अध्यावधिक को लागि metroedupkr@gmail.com मा पठाउनु हुन वा शिक्षा महाशाखा, ड्यामसाइड पोखरामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

२०७९/०७/१८
अधिकृत आठौं

---

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

शैक्षिक सूचना तथा व्यवस्थापन शाखा ।

सानोठिमी, भक्तपुर

मिति : २०७९।०७।१५

प.स.: शै.सू.व्य. २०७९/८०
च.नं. : १४

**विषय: कक्षा ११, १२ र TECS मा अध्ययनरत विद्यार्थीको विवरण अद्यावधिक गराउने बारे ।**

**श्री सम्बन्धित सबै विद्यालयहरु**

प्रस्तुत विषयमा यस केन्द्रको च.नं. ११० मिति २०७९।०३।०९ र च.नं. मिति २०७९।०४।२५ को पत्रबाट शैक्षिक सत्र २०७९ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (Integrated Educational Management Information System-IEMIS) अद्यावधिक गर्नका लागि सबै विद्यालय तथा सहजीकरणका लागि सबै स्थानीय तहहरुलाई अनुरोध गरिएको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा अझै पनि अधिकांश विद्यालयहरुले कक्षा ११ र १२ तथा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (Technical Education in Community School- TECS) मा अध्ययनरत विद्यार्थीहरुको विवरण अद्यावधिक गरेको नपाइएकाले माध्यमिक तह सम्बन्धी बजेट तथा कार्यक्रम तयारी एवम् सूचक विकास सम्बन्धी कार्यमा कठिनाइ उत्पन्न हुनुका साथै कक्षा ११ मा विपन्न लक्षित छात्रबृत्तिका लागि छनौट भएका विद्यार्थीहरु छात्रबृत्ति प्रास गर्नबाट वञ्चित हुने अवस्था सृजना भएकाले सम्बन्धित विद्यालयहरुले आफ्नो IEMIS Excel मा उल्लिखित विवरण अद्यावधिक गरी स्थानीय तह मार्फत iemis.cehrd.gov.np मा मिति २०७९ कार्तिक मसान्तभित्र अपलोड गर्ने कार्य गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ

**बोधार्थ**

श्री स्थानीय तह
(सम्बन्धित सबै): उल्लिखित कार्यमा सहजीकरण गरिदिनु हुनका साथै आफ्नो स्थानीय तह भित्र माध्यमिक तहको कक्षा ११-१२ मात्र सञ्चालन गरेका तर IEMIS अद्यावधिक नगरेका शैक्षिक संस्थाहरुलाई अनिवार्यमा रुपमा IEMIS मा विवरण अद्यावधिक गराउने कार्यमा सहजीकरण गरिदिनु हुन अनुरोध छ ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ
(सबै): आवश्यक समन्वय एवम् सहजीकरण गर्नु गराउनु हुन ।

०७९/७/१५
रामचन्द्र शर्मा

निर्देशक